# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गन्यापधुरा गाउँपालिका

## डडेल्धुरा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गन्यापधुरा गाउँपालिका

डडेल्धुरा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गन्यापधुरा गाउँपालिका

डडेल्धुरा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः २०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ६७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

गन्यापधुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

डडेल्धुरा ।

१. **कैफियत सहितको राय** - हामीले गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १९ लाख ३३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ लाख १ हजार र नियमित गर्नुपर्ने रु. १२ लाख ७८ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु. ३ करोड ५९ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १ करोड ४७ लाख ५७ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गन्यापधुरा.गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

गन्यापधुरा गाउँपालिका,

डडेल्धुराजिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८४ | २५ | १९३३ | ० | ० | ० | ८४ | २५ | १९३३ | ३५३ | १२७८ | ३०१ | ० | ० | १५७९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डडेल्धुरा | ३५९०९ | ० | २३४५९ | १२४५० | ३७५ | १९३३ | १४७५८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | बिभिन्न | असुल / प्रमाण | १९९५८२१९।०० |
| | २०७७।७८ | बिभिन्न | असुल / प्रमाण | ३५०१२३७।०० |
| | कुल जम्मा | | | २३४५९४५६।०० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गन्यापधुरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १३५.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५०९३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०९ देखि २०८०।०५।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. ९७ करोड ८३ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७९।८०को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको

सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०८०-०५-१० मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८७४२।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | जेष्ठ नागरिकहरूको मृत्युको कारण MIS system बाट फिर्ता गरि दाखिला गर्नुपर्ने रू.८,७४२। असुल भई दाखिला भौचर पेश भएको। | ८७४२.०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, प्रशासन सहायक पाँचौ ३, सब-ईन्जिनियर १ सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

३ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन**,** २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण नगरी विभिन्न ४९ जना कर्मचारीहरु करारमा राखि रू.७७,०४,३६६।०० खर्च लेखेको छ ।

४ **वडा सचिवको पदपूर्ति-**पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | ५ | २ | ३ |

रिक्त वडा सचिवहरूको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

## ५ पेश्की

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की दिने र फस्र्यौट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ। निम्न निर्माण व्यबसायीलाई मोबिलाइजेसन प्रयोजनका लागि दिएको म्याद ननाघेको पेश्की उक्त नियमावली बमोजिम असुल फस्र्यौट हुनुपर्दछ।

| **क.स.** | **पेश्की लिएको मिति** | **भौ.न.** | **पेश्कीको विवरण** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **खर्च उपशिर्षक** | **जम्मा बाँकी पेश्की** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **म्याद ननाघेको** | **म्याद नाघेको** | **जम्मा** |
| 1. | २०८०।०१।०६ | १ | १० शैया आधारभुत अस्पताल भवन निर्माण | श्री रूद्रावती कालिका एस.के. जेभि. | ३१११२ | २०००५५००। | ० | २०००५५००। |
| 2. | २०८०।०२।२९ | ७ | | | | | | |
| 3. | २०८०।०३।२९ | ८ | | | | | | |
| 4. | २०७९।११।१० | ५ | औधोगिक ग्राम घेरवार निर्माण | श्री विवेक निर्माण सेवा | ३११५९ | ५७२५३१।४९ | ० | ५७२५३१।४९ |
| **कुल जम्मा** | | | | | | **२०५७८०३१।४९** | **०** | **२,०५,७८,०३१।४९** |

पुरानो पेश्की - पालिकाले गत विगत देखिको म्याद नाघेको र ननाघेको पेश्कीको लगत अद्यावधिक राखि पेश्की फस्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुपर्ने हुदाँ यसतर्फ पालिकाको ध्यान जानु पर्दछ।

## ६ बजेट तथा कार्यक्रम

६.१ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको

प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

---

६.२ **त्रैमासिक पूँजीगत खर्चः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेटउपशिर्षक** | **कुलखर्च** | **त्रैमासिकखर्च** | | | | **आषाढमहिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुंजीगतखर्चतर्फ | २५६७१३ | ४७४६४ | ५६००७ | ५७००१ | ९६२४४ | ५३००५ |
| प्रतिशत | | १८।४८ | २१।८१ | २२।२० | ३७।४९ | २०।६४ |

पालिकाले उपलव्ध गराएको विवरणअनुसार वार्षिक रु.२५६७१३हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४७४६४ (१८.४८प्रतिशत), दोस्रो त्रैमासिकमा रु ५६००७ (२१.८१प्रतिशत) तेस्रो त्रैमासिकमा रु५७००१ (२२.२०.प्रतिशत) र चौथो त्रेमासिक रू ९६२४४(३७।४९प्रतिशत), खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु५३००५( २०.६४प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

---

६.३ **योजनाकोप्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका गरी कुल १८१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १८१ | १५१ | ३० | ० |

सरकार संचालन ऐन बमोजिम छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

---

६.४ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ५,८९,७०,०००.०० | ३६०,,२२,९५०.०० | १०.२७ |
| पूर्वाधार विकास क्षेत्र | ७,९८,,६५,०००.०० | ६,६३,३१,८३१.५४ | १८.८१ |
| सामाजिक क्षेत्र | १९,८०८४,,२००.०० | १७,४८,०१,००३.५८ | ४९.५७ |
| संस्थागत बिकास सेवा प्रवाह र सुशासन | २,२३,९२,०००.०० | १७,०८,,५५०.।०० | ४.८४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९१२,,७७,७२०.०० | ५,८३,३०,०५६.३१ | १६.२० |
| **जम्मा** | ४५,०५,८८,९२०.०० | ३५,२७,७१,३४४.४३ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४९.५७ प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ४.८४प्रतिशत रहेको छ ।

---

६.५ **खर्च बिश्लेषण** – पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ४९,१३,५२६।९७राजस्व बाँडफाँड र अनुदानबाट रू ६,४४,४४,६६६।०७ समेत रु ३७,६९,६२,३८३।१५ आम्दानी भएकोमा चालु तर्फ रु २६,९५,२५,१५६।०५२र पूँजिगत तर्फ रु ९,५८,५८,०८०।२१ समेत रु ३६,५३,८३,२३६।२६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु ५३,६५,५००।०० खर्च भएको छ जुन आन्तरिक आय भन्दा ९ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.७६प्रतिशत चालु र २६.२३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ

---

६.६ **रकमान्तर**: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाकाको बिनियोजन ऐन २०७९ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू २ करोड २७ लाख ९७ हजार अर्थात कुल बजेट रू

५३ करोड.१४ लाख ९१ हजारको. ४।२८ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## ७ आर्थिक सहायता तथा अन्य

७.१ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ८३ संघसंस्था र व्यक्तिहरुलाई रु. ५,००० देखि रु. ३५,००० सम्म जम्मा रु. ३९००००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४९१३५२६ को ७।९३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

७.२ **खाना तथा विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ८,५४,४००।०० खर्च गरेको छ। । यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ ।

## ८ सेवा प्रवाह स्थिती

८.१ **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ४३७ |
| मृत्युदर्ता | १२० |
| बसाईसराई दर्ता | ९८ |
| विवाह दर्ता | १५७ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| **पूर्वाधार विकास सडक निर्माण** | ० |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |

| | |
|---|---|
| ग्राभेल सडक मर्मत | विवरण प्राप्त नभएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।

८.२ **सूचना प्रविधिको प्रयोग र व्याकअप प्लान**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको व्याकअप प्लान बनाउन र लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले सूचना व्यवस्थापन प्रणाली (RMIS), विद्युतीय सरकारी लेखा प्रणाली (CGAS), सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लगायतका प्रणालीहरु सञ्चालनमा ल्याएको देखिन्छ । यसका साथै दैलो टेक्नोलोजी प्राइभेट लिमिटेडको लोकल गभर्मेन्ट ट्याक्सेसन म्यानेजमेन्ट सिस्टम सञ्चालनमा ल्याएको देखिन्छ । यसरी गैर सरकारी तथा निजी क्षेत्रका प्रणाली सञ्चालनमा ल्याउनु पूर्व सूचना प्रविधि विभागबाट स्विकृती लिएको देखिएन । यसको साथै डाटा व्याकअपको पर्याप्त व्यवस्था गरेको पाइएन । सूचना प्रविधि विभागबाट पुर्व स्विकृति लिने र डाटाको व्याकअपको पर्याप्त व्यवस्था कायम गर्न तर्फ कार्यालयको ध्यानजानु जरुरी छ ।

## ९ सम्पति संरक्षण तथा उपयोग

९.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ ।

९.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

९.३ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने

सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको देखिन्छ तर नियमावलीमा भएको ब्यवस्था पालना गरी जिन्सी ब्यवस्थापन गरेको देखिएन ।अतः पालिकाले नियमावलीको व्यवस्था अनुसार जिन्सी समानको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ .

---

९.४ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सोको स्पेसिफिकेशन खुलाई दाखिला गरेको पाइएन । कार्यालयले अनिवार्य रुपमा स्पेसिफिकेशन खुलाई PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट पास भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

---

९.५ **जिन्सी निरीक्षण प्रतिवेदन -** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४, ५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको मर्मत, लिलाम र मिन्हा गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार देहाय बमोजिम मर्मत, लिलाम र मिन्हा समेत गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत, लिलाम र मिन्हा समेत गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत, लिलाम र मिन्हा गरी कार्यालयले पाम्समा जिन्सी अद्यावधिक गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारी साधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेसन उल्लेख गरी अद्यावधिक गरेको पाइएन ।

| विवरण | जिन्सी प्रयोगमा नरहेका | प्रयोगमा नरहेका मध्ये मर्मत गर्न सक्ने | प्रयोगमा नरहेका मध्ये लिलाम वा बिक्री गर्नुपर्ने | प्रयोगमा नरहेका मध्ये मिन्हा गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| पालिकाको एकीकृत विवरण | ७१ किसिमका ४६८ वटा सामाग्रीहरु | २७ किसिमका ६९ वटा सामाग्रीहरु | १९ किसिमका ६० वटा सामाग्री | गर्नु पर्ने नदेखिएको | |

९.६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो गाउँपालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

**हजारमा**

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | अअभिलेख नभएको |
| मोटरसाईकल | | १९ | २४४८ | |
| डोजर | | १ | ३०२६ | |
| जिप सवारी साधन | | १ | ३७९० | |
| ब्याकहु लोडर | | १ | मुल्य नखुलेको | |
| टयाक्टर | | १ | १८३० | |
| एम्बुलेन्स | | १ | मुल्य नखुलेको | |

पालिकालाई पाप्त भएका जिन्सीसमानको मुल्य र स्पेसिफिकेशन खुलाई पाम्समा दाखिला गरी अभिलेख राख्नु पर्नेमा सो गरेको देखिएन । जसले गर्दा कार्यालयसग हाल के कति घर जग्गा र जिन्सी सम्पति रहेको छ एकिन गर्न सकिएन । अत पालिकाले घर जग्गा र जिन्सीको लगत एकिन गरी पाम्समा दाखिला गर्नु पर्ने देखिन्छ।

९.७ **सार्वजनिक सम्पत्तिको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।

## १० **बित्तिय बिवरण**

१०.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२)

मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

१०.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नु पर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,८०,३०,४५१।०० एकिकृत स्वास्थ्य पूर्वाधारको रू २,७८,५६,०००।०० र स्थानिय तह प्रशासकिय भवन पूवाधार बिकास कार्यक्रम रू १,२१,०४,१०९।०० समेत गरी रु ११,७९,९०,५६०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१०.३ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ३,६५,३८,१५३।५९ यस वर्षको प्राप्ति रु ४९,४९,५२,९४३।१५ यस वर्षको भुक्तानी रु ४८,३३,७३,७९६।२६ र बैङ्क मौज्दात रु ४,,८१,१७,३००।४८ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३,६५,३८,१५३।५९ | ३७,६९,६२,३८३।१५ | ३६,,५३,८३,२३६।२६ | ४,८१,१७,३००।४८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३,६५,३८,१५३।५९ | ४९,४९,५२,९४३।१५ | ४८,३३,७३,७९६।२६ | ४,८१,१७,३००।४८ |
| फरक | ०० | ११,७९,९०,५६०।०० | ११,७९,९०,५६०।०० | ०० |

१०.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु २,५१,२७,२२३।३१ मौज्दात रहेकोमा यो वर्ष रु ३,६५,३८,१५३।५९

जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १,१४,१०,९३०।२८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

---

१०.५ **बैंक हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

| सि.नं. | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता | ३,६९,७३,१६९।२३ | ३,६९,७३,१६९।२३ |
| २ | चालु खर्च खाता | ०० | १४,५५,५८४।०० |
| ३ | पुँजीगत खर्च खाता | ०० | ५८,०५,८४९।३४ |
| ४ | स्थिनिय तह व्यवस्थापन खाता | १०,२०,०००।२३ | १०,२०,०००।२३ |
| ५ | बिबिध कोष खाता | ५४,६७,६६१।४९ | ८१,८१,८३२।३४ |
| ६ | धरौटी | ४६,५६,४६९।५३ | ४६,५६,४६९।५३ |
| ७ | ग१.१, आन्तरिक राजस्व खाता | ०० | १५,२६६।७२ |
| जम्मा | | ४,८१,१७,३००।४८ | ५,८१,००,९३४।८२ |

बैंक र श्रेस्ता अनुसार फरक देखिन्छ । अतः पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

---

१०.६ **लक्ष्य प्रगति** - कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालु र पुजिगत गरी **५५६** कार्यक्रम रहेकोमा ९३ कार्यक्रममा शुन्य प्रगती देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ

---

११ **कानुन निर्माणको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था छ भने सोही ऐनको सोही दफाको उपदफा २ मा ऐनको अधिनमा रही कार्यापालिकाले आवश्यकतानुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । सोही ऐनको सोही दफाको उपदफा ३ बमोजिम स्थानीय तहले बनाएको कानुन स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले दिएको विवरण अनुसार हालसम्म २२ ऐनहरु, ४ नियमावलीहरु, ३६ कार्यविधिहरु, ३ मापदण्डहरु, ५ निर्देशिकाहरु १ आचार संहिता

र अन्य ४ कानुन सहित जम्मा ७५ वटा कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आर्थिक वर्ष २०७९।८० मा ३ ऐन, ५ कार्यविधि १ मापदण्ड १ निर्देशिका समेत गरी जम्मा १० वटा कानुनहरु निर्माण भएको देखिन्छ । हालसम्म आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बन्न सकेको देखिएन । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण कानुनी सामञ्जस्यता र तादाम्यता गरी प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

---

१२ **आन्तरिक आम्दानी**

**डोजरको आम्दानी खर्च -** यस पालिकाले डोजर मार्फत सेवा उपलब्ध गराएकोमा ड्राइभर र हेल्पर खर्च प्रति महिना रु.३२,०००।०० दशै खर्च समेत १३ महिनाको रु.४१६०००.०० मर्मत खर्च रु. ७९०९४६।०० र वार्षिक इन्धन खर्च रु. २२,३५,५००।०० समेत जम्मा रु. ३४४२४४६।०० खर्च भएको देखिएको छ भने डोजर आम्दानी तर्फ रु. ४५५४००।०० मात्र भएकोले आम्दानी भन्दा रु २९८७०४६।०० बढी व्ययभार पारेको देखिन्छ । सडक मर्मत तथा स्तरोन्नति लगायतका कार्यमा पालिका स्वयमले डोजर संचालन गरेकोमा सोको मौद्रिक मापन गरेको देखिएन । यसर्थ पालिकाले डोजर संचालन तथा मर्मत संभार र प्रतिफल सहितको वास्तविक गणना गरी आवश्यकता र औचित्यताको आधारमा डोजर संचालनको व्यवस्था मिलाउनु पर्दछ ।

---

१३ **आन्तरिक नियन्त्रण**

---

१३.१ **लागत प्रभावी योजना तर्जुमा -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता र कार्यदिश पश्चात लागत अनुमान तयार हुने गरेको छ । योजनाको कार्यान्वयमा प्रभावकारीता ल्याउन तथा बस्तुनिष्ठ योजनामा वजेट विनियोजन गरी विनियोजन कुशलता कायम गराउनको लागि लागत अनुमान तयार गरी सो बमोजिमको बजेट विनियोजन गरी खरिद व्यवस्थापन गर्नु पर्दछ ।

---

१३.२ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखियो तर यसलाई पूर्णरुपमा लागु गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

· पालिकाले गाउँ पार्श्वचित्र तयार गरेतापनि बजेट तथा योजना तर्जुमामा यसलाई आन्तरिकिकरण गरेको पाइएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको भएतापनि पुर्णरुपमा कामयावि भएको पाईएन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय मार्फत समेत खरिद गरेकोले पाम्समा स्पेशिफिकसन सहितको प्रवृष्टि गरेको पाइएन,

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई अर्धबार्षिक रुपमा मात्र कर दाखिला गर्ने गरेको पाइयो,

· कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने बमोजिम पालिकाले सार्वजनिक खरिद नियमावली२०७७ बनाएको पाइयो तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाइ लागू गरेको देखिएन,
· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समितिहरु दर्ता गरी व्यवस्थित गर्नुपर्नेमा सो गरेको पाइएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो गरेको पाइएन,

· वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,

· वेरुजुको लगत अद्यावधिक गरी व्यवस्थित रुपमा अभिलेख राखेको पाइएन,

· स्थानीय सार्वजनिक लेखा समिति गठन गरी बेरुजु फछ्र्यौटको कार्यदल बनाएर कार्यान्वयन गर्ने गरेको भेटिएन,

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।

आन्तरिक नियन्त्रण कमजोर हुँदा पालिकाको वित्तीय अनुशासन तथा समग्र सेवा प्रवाह कमजोर हुन्छ फलतः सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व कायम हुन सक्दैन ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **न्यायिक समितिको कार्यसम्पादनको अवस्था** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था रहेको छ । सोही परिच्छेदको दफा ४६ मा गाउँपालिका तथा नगरपालिकामा नेपालको संविधानको धारा २१७ बमोजिम न्यायिक समिति रहने व्यवस्था छ । त्यस्तै दफा ४७ मा न्यायिक समितिको अधिकारक्षेत्रको बारेमा व्यवस्था रहेको छ । यस पालिकाको न्यायिक समितिको लागि न्यायिक मेलमिलाप कक्षको व्यवस्था गरेको छैन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार अघिल्लो आर्थिक वर्षबाट अ ल्या भएका उजुरीको संख्या नभएको र आर्थिक वर्ष २०७९।८० मा ४ वटा उजुरी दर्ता भएका छन। दर्ता भएका ४ वटै उजुरी फछ्यौंट गरेको देखिन्छ। आम नागरिकको सहज पहुँच कायम गरी नागरिकको न्यायिक अधिकार प्राप्त गरेको अनुभूति दिलाउने गरी न्यायिक समितिको क्षमता विकास गर्नु जरुरी छ ।

१५ **कर्मचारिको स्तरवृद्धि** -स्थानिय तहमा समायोजन भएका स्वास्थ्यतर्फका ५ जना कर्मचारिहरूको समायोजन पश्चात पनि स्वास्थ्य तथा जनसङख्या मन्त्रालयकले स्तरवृद्धि गरेको पाईयो। प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ७ बमोजिम प्रदेश लोकसेवा आयोगको परामर्श लिई कर्मचारीहरूको पदपुर्ति,वढुवा,स्तरवृद्धि गर्ने कानुनी व्यवस्था छ। तसर्थ स्थानिय तहमा कर्मचारी समायोजन प्रश्चातप्रदेश लोकसेवा आयोगको परामर्श लिई स्तरवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१६ **स्वकीय सचिव** -सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको स्वकीय सचिवका रुपमा लाई मिति २०७९।०८।१४ मा नियुक्त गरि वर्षभरि जम्मा रू.१३५६००.०० भुक्तानी भएकोले उक्त खर्च नियम सम्मत देखिएन।

१७ **बढी ग्रेड भुक्तानी** -निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदनमा पारित ग्रेड बमोजिम ग्रेड भुक्तानी हुनुपर्ने व्यवस्था छ। सोही अनुसार कार्यालयले तलबी प्रतिवेदनमा उल्लेख भए बमोजिम ग्रेड भुक्तानी गर्नुपर्नेमा आ.व. २०७९।८०मा निम्न कर्मचारिलाई

तलवी प्रतिवेदनमा पारित भएको ग्रेड भन्दा वढि ग्रेड भुक्तानी भएकोले बढी भुक्तानी भएको ग्रेड, त्यसको १० प्रतिशतले थप हुने सञ्चय कोष सहित रू.१२,६१०। असुल गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचरिको नाम र पद | पाउने ग्रेड रकम | भुक्तानी भएको ग्रेड | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | सि.अ.हे.व. निर्मला भण्डारी | ६३,०५३ | ७५,६६३ | १२६१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,६१० |

१८ **भ्रमण खर्च -** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ कमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू.१४,१२,३५४। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन:

-भ्रमण प्रश्चात तोकिएको ढाचाँमा भ्रमण प्रतिवेदन पेश नगरी भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,

-कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।

अत: स्पष्ट प्रयोजन र उद्देश्य वेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च गरेको अवस्थावाट भ्रमण खर्च पालिकाको उच्च प्रयोजनमा उच्चतम उपयोग भएको छ भनि विश्‍वस्त हुने अवस्था रहेन। त्यसैले तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

१९ **विविध परीक्षण**

१९.१ **नपाउने सुबिधा-** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयलेसंचार खर्च नपाउने पदाधिकारीलाई मोबाइलबाट रकम ट्रान्सफर गरी खर्च लेखेको नियमसंगत देखिएन । अत कार्यालयले उक्त रकम असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू

| भौचर न | ब्यक्तिको नाम | | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २२२।२०७९।१०।५ | चन्द्र सिह साहु | | ४०००।०० | अन्य ११मोबाइलमा ट्रान्सफर गरेको |
| २७०।२०७९।११।१२ | धर्मराज कवाडी | | ४१००।०० | |
| ३५१।२०७९।९।२८ | माधुरी शाह | | ६०००।०० | अन्य मोबाईलमा ट्रान्सफर गरेको |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,१०० |

१९.२ **खर्च पुष्टयाई गर्ने प्रमाण नभएको-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात राखेको देखिएन । अत पालिका कार्यालय खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण बेगर निम्न ब्यक्तिलाई रकम भुक्तानी गरेको नियम संगत नदेखिएको रू

| भौचर न | ब्यक्तीको नाम | कार्यको बिवरण | रकम | कैफिएत |
|---|---|---|---|---|
| ३३८।२०८०।१।१५ | धर्मराज भट्ट | भ्रमण खर्च भुक्तानी | ७२५०।०० | पदाधिकारी र कर्मचारी भन्दा बाहेक |
| ८९।२०७९।७।२४ | दिपक ब देउजा | काम काज भुक्तानी | २८८००।०० | |
| १२३।२०७९।८।७ | प्रशान्त कु श्रेष्ट | सवारी मर्मत | ६००००।०० | कार्य गरेको देखिने अभिलेख प्रमाण नभएको |
| | उमेश ब देउवा | सुचना कर्ता लेखेको | ३००००।०० | कार्य गरेको देखिने अभिलेख प्रमाण नभएको |
| | यशोदा रोस्यारा | सुचना कर्ता लेखेको | १०००००।०० | कार्य गरेको देखिने अभिलेख प्रमाण नभएको |
| | यादव ब कार्की | कृर्षि प्राबिधिक लेखेको | १०००००।०० | |

| | |
|---|---|
| अनियमित भएको | ३,२६,०५० |

१९.३ **ब्यक्तीको नामबाट चेक जारी**:- आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न वडाको लागी समान खरिद गर्दा वडा सचिवको नाममा चेक जारी गरी कार्यालयका समान सोझै खरिद गरी वडा कार्यालयमा राख्ने गरेको र उक्त समान पालिका कार्यालयको जिन्सी खाता PAMS मा स्पेसिफीकेशन खुलाई दाखिला गरेको देखिएन । पालिका कार्यालयले नियमावली र स्थानिय सरकार संचालन ऐन २०७४को ब्यवस्था बिपरित वडा कार्यालयलाई समान खरिद गर्न दिएको र खरिद गरेका समान जिन्सीखातामा दाखिला नगरेको नियमसंगत देखिएन । अत पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी खरिद गरिएका समान पालिका PAMSमा अभिलेख गरी जिन्सी खाता अधावधिक गराउनु पर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर .न | कार्यको नाम | चेक जारी गरेको ब्यक्तीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ८५।२०७९।।१२।९ | वडा न ४ ल्यापटप खरिद | | ६६०००।०० | स्पेशिफिकेशन खोली दाखिला नगरेको |

| | | | | |
|---|---|---|---|---|
| ११।२०८०।१।२१ | वडा १ ल्यापटप खरिद | | ९९८९९।०० | ,, ,, |
| १५२।२०८०।२।२९ | वडा ४ कार्यालय सोलर खरिद | | ८३६२०।०० | ,, ,, |
| १८९।२०८०।३।२३ | पाईप तथा जाली खरिद | गणेश प्र भट्ट | १४४०००।०० | ,, ,, |
| २०८०।३।१३ | IT ल्याव स्थापना सरस्वती मा बि | | ६४१३७१।०० | ,, ,, |
| | IT ल्याव स्थापनाअसिग्राम मा बि | | ६४१३७१।०० | ,, ,, |
| | IT ल्याव स्थापनाभुवनेश्वरी मा बि | | ६४१३७१।०० | ,, ,, |
| ११।२०७९।७।१७ | वडा न ३ कार्यालय सोलर जडान | | १०००००।०० | ,, ,, |

१९.४ **कृषि अनुदान-** स्थानीय सरकार संचालन ऐन २०७४ले कुनै कार्यक्रम कार्यान्वयन गर्दा कार्य बिधि निर्माण तयार गरी कार्यान्वयन गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले कार्य बिधि निर्माण नै नगरी कृषि अनुदान बितरण गरेको नियम संगत हो भन्न सक्ने अवस्था देखिएन अत पालिकाले कार्यबिधि निर्माण गरी बितरण गर्नतर्फ ध्यान दिनु पर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर न | पार्टीको नाम | भुक्तानी रकम | |
|---|---|---|---|
| २।२०८०।१।१९ | सुनकट्टे सुनखेती कर्षक समुह | ३३६०००।०० | |
| ३।२०८०।१।१९ | कालिका कृषक समुह | १८००००।०० | |
| ४।२०८०।१।१९ | कालिका कृषक समुह | २२००००।०० | |
| ८।२०८०।१।१९ | लाटाकलारी कृर्षक समुह | ४५००००।०० | |
| ३।२०७९।१०।२६ | बिएच एग्रिकल्चर | १५८०००।०० | कृषि चालु |
| ५।२०७९।१२।७ | सिल्पोलिन प्लाष्टिक खरिद | ४४८०००।०० | कृषि चालु |
| ६।२०७९।१२।७ | सिल्पोलिन प्लाष्टिक खरिद | ४२४०००।०० | |

२० **अनुत्पादक खर्च -** सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको छ। यसका केही उदाहरण निम्न अनुसार छन्।

| **क.सं.** | **संस्थाको नाम** | **रकम** |
|---|---|---|
| १ | गहनान सामुदायिक युवा क्लव | २०,०००। |
| २ | दुर्गा भगवती युवा क्लव | २०,०००। |
| **जम्मा** | | **४०,०००।** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२१ **अनुदान कार्यक्रम**

२१.१ **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदान -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ ।

२१.२ **अमानतको कार्य -** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९८को ३ मा अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रूपैपा नबढाई खण्ड खण्ड गरी बार्ताबाट गराउन वा निर्माण सम्बन्धी काममा आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सक्ने ब्यवस्था छ । यस पालिका कार्यालयले बिभिन्न शिर्षकबाट अमानतको कार्य पालिका कर्मचारीलाई रकम भुक्तानी दिई गराएको देखिन्छ । यसरी नियमावलीको ब्यवस्था बिपरीत सामाग्री सहितको रकम कर्मचारीलाई दिई कार्य गरेको नियमसंगत नदेखिएको रू

| शिर्षक | अमानत संख्या | रकम |
|---|---|---|
| नगरपालिका पुजिगत | १२ | ७०७६४०।०० |

| | |
|---|---|
| अनियमित भएको | ७,०७,६४० |

२२ **सामाजिक सुरक्षा** -सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले सिद्धार्थ बैंक लिमिटेड, नेपाल एसबीआई बैंक लिमिटेड, सनराईज बैंक लिमिटेड र लक्ष्मी बैंक लिमिटेड

बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वापत रु. ७,८०,००,६१४।– वितरण गरिएको देखिन्छ ।लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कहरुलाई निकासा भएको रु. ७,८०,६२,४४०।–मध्ये सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम रु. ६१,८२६।– सङ्घीय सञ्चित कोषमा दाखिला भएको देखिन्छ ।

२३ **विद्यालयको लेखापरीक्षण -** पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। आ.व २०७९।८० मा २३ वटा सामुदायिक विद्यालयहरूको लेखापरीक्षणको लागी रू.२,६०,०००। भुक्तानी भएको देखिन्छ। पालिकाले २३ वटै विद्यालयले वुझाएको लेखापरिक्षण प्रतिवेदन उपर आवश्यक छलफल गरी विद्यालयको समग्र पक्षको सुधारको लागी कदम चाल्नुपर्ने देखिन्छ।

२४ **संस्थागत विद्यालय अनुगमन -** पालिका भित्र २ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनभिज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनत: दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

२५ **शैक्षिक गुणस्तर -** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

२६ **शिक्षक दरवन्दी र पदपुर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ।

| क्र.स. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २३ | १३९ | १३८ | ६० | ३८३५ | १:२८ |

२७ **अनुगमन नियमन व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२८ **दिवा खाजा -** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल २३ विद्यालयका लागि दिवा खाजा बापत रु.६०,६१,११०। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

२९ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यसपालिका अन्तर्गत रहेका २३ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| **क.स.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **विद्यार्थी संख्या** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| १ | चित्रकुट प्रावि जर्मना | ३ | ३ | ४१ | १:१३ |
| २ | आदर्श प्रावि डुम्राखोली | ३ | ३ | ६७ | १:२२ |
| ३ | गणेश मावि बडाल | १५ | १५ | ३९० | १:२६ |
| ४ | भुवनेश्वरी मावि जैसेरा | १५ | १५ | ४६६ | १:३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सीताराम मावि रेल | ७ | ७ | २६१ | १:३७ |
| ६ | जनता मावि सकायल | १४ | १३ | ५९३ | १:४५ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१३ देखि १:४५ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्वन्धित निकायले ध्यान दिनुपर्दछ।

---

३० **अनुदान ब्यवस्थापन -** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| **क्र.सं.** | **विद्यालयलाई गएको अनुदान** | **रकम** |
|---|---|---|
| १ | शिक्षण सहयोग अनुदान | २३,१४,०८०। |
| २ | पाठ्यपुस्तक | २३,३६,४९७। |
| **जम्मा** | | **४६,५०,५७७।** |

---

३१ **सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान एकिन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत २३ वटा विद्यालयलाई अतिरित्त कक्षा सञ्चालनको लागी जम्मा रू.४,००,०००। प्रदान गरेकोमा उक्त रकमको सहि सदुपयोग भएको सम्बन्धमा शिक्षा शाखाबाट अनुगमन भएको पाईएन। पालिकाले उक्त रकमको सदुपयोग भएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

---

३२ **सामादायिक सिकाई केन्द्र -** स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको ,विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण शभा बाट बजेट र कार्यक्रम प्राप्त गरेको ,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ।शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई

केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| क्र.स. | सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | असिग्राम सामुदायिक सिकाई केन्द्र | २,००,०००। |
| २ | गणेशपुर सामुदायिक सिकाई केन्द्र | २,००,०००। |
| ३ | मष्टामाण्डु सामुदायिक सिकाई केन्द्र | २,००,०००। |
| ४ | कैलपालमाण्डु सामुदायिक सिकाई केन्द्र | २,००,०००। |
| **जम्मा** | | **८,००,०००।** |

३३ **कार्य सम्पादनमा आधारित अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रू ५० हजार र उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुद्धिढिकरणका लागि रू २ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सुचक निधार्रण गरी ति सुचक मुल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ। पालिकाको शिक्षा शाखावाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहायका विद्यालयलाई निकासा भएको देखियो। कार्यान्वयन पुस्तिकाको सवै व्यहोरा पालना गरी अनुदान दिएको सुनिश्चित हुने आधार प्रमाण नभएकोले सो अनुसार गरेको प्रमाण पेश हुनुपर्दछ।

| क्र.स. | विद्यालयको नाम | अनुदानको प्रकार | रकम |
|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि. | कार्य सम्पादनमा आधारित | ५०००० |
| २ | श्री गणेश मा.वि. | कार्य सम्पादनमा आधारित | ५०००० |
| ३ | श्री भुवनेश्वरी मा.वि. | कार्य सम्पादनमा आधारित | ५०००० |
| ४ | श्री जनता मा.वि. | कार्य सम्पादनमा आधारित | ५०००० |
| **जम्मा** | | | **२,००,०००** |

३४ **स्वयम् सेवक शिक्षक -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने

व्यवस्था छ। पालिकाले १० जना स्वयम् सेवक शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.१७,९०,८३३। रकम विद्यालयको खातामा पठाएको छ। कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र आन्तरिक आयबाट खर्च गर्न सकिने प्रावधान रहेकोले यस्तो भुक्तानी नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| **क्र.स.** | **चौमासिक** | **भुक्तानी रकम** | **विद्यालय संख्या** |
|---|---|---|---|
| १ | प्रथम त्रैमासिक | ४,८७,३३३। | १४ |
| २ | द्रोस्रो त्रैमासिक | ५,००,०००। | ११ |
| ३ | तेस्रो त्रैमासिक | ४,४१,०००। | ११ |
| ४ | चौथो त्रैमासिक | ३,६२,५००। | ११ |
| **जम्मा** | | **१७,९०,८३३।** | |

३५ **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम** - पालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम अन्तर्गत गणेश मा.वि. लाई रू. ५,२५,०००। भुक्तानी गरेको छ। पालिकाले निमार्ण गरेको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्योन्वयन कार्यढाचाँ, २०७८ को बुदा नं. १५ मा रकम भुक्तानी पश्चात स्थानीय तहवाट अनुगमन तथा मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुरूप पालिकाले अनुगमन तथा मुल्याङ्कन सम्बन्धि कार्य गरेको छैन। तसर्थ यस कार्यमा सुधार हुनुपर्दछ।

३६ **पढ्दै पढाउदै कार्यक्रम** - पढ्दै पढाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद ५ मा अनुदान प्राप्त गर्ने विद्यालयवाट सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्बन्धित स्थानिय तहले गर्ने र अनुदान प्राप्त गर्ने विद्यालयले सम्बन्धित स्थानीय तहमा कार्य सम्पन्न प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश गर्नेपर्ने व्यवस्था छ। यस वर्ष पढ्दै पढाउदै कार्यक्रमको लागी सरस्वती मा.वी. भात्काडा छनौट भई पालिकावाट दुई किस्तामा जम्मा रू.१० लाख निकाशा भएकोमा कार्यविधीले तोकै वमोजिम पालिकावाट अनुगमन कार्य नभएको र वार्षिक प्रतिवेदन पेश भएको देखिएन। कार्यविधिको पालना हुनुपर्दछ।

३७ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई अनुदान निकासा प्रश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष २३ वटा विद्यालयलाई जम्मा रू.८८३३००। निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकको पालना हुनुपर्दछ।

३८ **अनियमित भुक्तानी** - नेपालको संबिधान को धारा ५७(४) मा स्थानीय तहको अधिकारअनुसूची-८मा उल्लेखित बिषयमा निहित रहने उल्लेख छ ।यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजम हुने

उल्लेख छ। यसै गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची-८बमोजम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ। उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ। तर यस पालिकाले मिति २०७९।११।२३ र २४ गते सञ्चालित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९ मा सहभागी विद्यार्थिलाई व्यवस्थापन खर्च वापत सिर्जना इङ्गलिस बोडिङ स्कुल लाई रु.२५,०००। भुक्तानी दिएको कार्य पालिकाको कार्यक्षेत्र भित्र पर्ने नदेखिएकोले उक्त खर्च अनियमित देखिएकोरु.

| | |
|---|---|
| अनियमित भएको | २५,००० |

३९ **शिक्षातर्फ**

**अनुदान ब्यवस्थापन -** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| सि.न. | बिद्यालयको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | सरस्वतीमावि गन्यापधुरा-१, भात्काँडा | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवं Digital Library व्यवस्थापन | ६५००००।०० |
| २ | असिग्राममावि गन्यापधुरा-१, रुवाखोला | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवं Digital Library व्यवस्थापन | ६५००००।०० |
| ३ | भुवनेश्वरीमावि गन्यापधुरा-४, जैसेरा | स्थापना, सुदृढीकरण एवं Digital Library व्यवस्थापन | ६५०००० |
| ४ | सरस्वतीमावि गन्यापधुरा-१, भात्काँडा | पढ्दै कमाउँदे कार्यक्रम | ६५००००।०० |
| ५ | लाटामाण्डौंआवि गन्यापधुरा-४, रुमायल | पढ्दै कमाउँदे कार्यक्रम | ६५००००।०० |
| ६ | भुवनेश्वरीआवि गन्यापधुरा-२, चम्साल | विद्यालयमा पुस्तकालयस्थापना तथा व्यवस्थापन | ६५००००।०० |

४० **उपभोक्ता समितिको काम**

४०.१ **उपभोक्ताको काम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको , एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू ३,५३,५०,६५७।०० मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।

| सि.नं. | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | आल्काडा घोलान सडक मर्मत उ स | सडक कटिङ | ५७६०००।०० |
| २ | गुयलखेत सडक निर्माण उ स | सडक कटिङ | १९२००००।०० |
| ३ | गन्यापधुरा गा पा २ सडक सरसफाई तथा सम्भार उस | सडक कटिङ | १४४००००।०० |
| ४ | असिग्राम मणिग्म बाबा मन्दिर निर्माण उ. स. | मन्दिर निर्माण | ७२००००।०० |
| ५ | लाटा गन्याप मन्दिर घेरवार निर्माण उ. स. | घेरवार निर्माण | ७२००००।०० |
| ६ | कुण्डाल मन्दिर निर्माण सुधार उ. स. | मन्दिर निर्माण | ७२००००।०० |
| ७ | असिग्राम मा बि खानेपानी योजना उ. स. | खानेपानी निर्माण | ७६८०००।०० |
| ८ | ढुगेश्वर सिचाई कुलो निर्माण उ स | कुलो निर्माण | ४५६०००।०० |
| ९ | भागेश्वर मन्दिर निर्माण उ. स. | मन्दिर निर्माण | ७२००००।०० |
| १० | छारखोला पोखरी निर्माण उ. स. | पोखरी निर्माण | ४२०८००।०० |
| ११ | साहुखर्क डडियासिल्लेखोला सडक निर्माण उ. स. | सडक निर्माण | १००८०००।०० |

४०.२ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | पदमार्ग निर्माण | लाटागन्याप शिखर पदमार्ग निर्माण उ. स. | ७६८०००।०० |
| २ | भवन निर्माण | वडान १ कार्यालय भवन निर्माण उ. स. | ६८७८३०।०० |
| ३ | प्रतिक्षालय निर्माण | भागेश्वर घेरावार तथा पर्खाल निर्माण उ. स. | ७२००००।०० |
| ४ | मन्दिर निर्माण | दुर्गा मन्दिर निर्मार्ण उ स ५ गन्यापधुरा | ७२००००।०० |
| ५ | गा पा भवन निर्माण | सोजर्ण भिभा जे भि | ४७१०१३६।०० |
| ६ | सडक मर्मत तथा निर्माण ३ | नवदुर्गा गन्यापधुरा निर्माण सेवा | ९४४५५५।०० |
| ७ | भवन निर्माण | भुवनेश्वरी मा बि भवन निर्माण समिति | ४५०००००।०० |
| ८ | सभाहल निर्माण वडा न२ | इन्दारयणी बिल्ड्रस सप्लास | ९६८१९३।०० |

४०.३ **जनसहभागिताको अंशदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १० प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन । अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ ।

४०.४ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

४०.५ **जटिल प्रकृतिको कार्य उपभोक्ता मार्फत गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ को (क) मा सार्वजिनक निकाय प्रमुखले कुनै माल समान वा सेवा खरिद गर्न अघि ऐनको दफा ४ बमोजिम स्पेशिफिकेशन योजना नक्शा डिजाइन बिशेष आवश्यक्ता वा अन्य बिवरण तयार गरी ऐनको दफा ८ बमोजिम बिधि एकिन गर्नु

पर्ने व्यवस्था छ । यस पालिकाले निम्न कार्य उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिबाट गराएको देखिन्छ । खरिद नियमावलीमा उल्लेख भएका बमोजिमका कार्यमा मात्र उपभोक्ता समितिलाई दिनु पर्नेमा उपभोक्ताले गर्न नसक्ने प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराएको देखिन्छ । यसका साथै उपभोक्ता समितिबाट खरिद गरिएका सामग्रीहरू गुणस्तर परिक्षण समेत गरेको देखिएन । यसरी खरिद र निर्माण गरेका कार्यका समान कसले संचालनमा ल्याउने कस्को स्वामित्वमा रहने जस्ता व्यहोरा समेत उल्लेख गरेको देखिएन । अतः पालिका कार्यालयले यस्ता कार्य गर्न नियन्त्रण गर्नु पर्दछ ।

| सिन | योजनाकोनाम | गोभौनरमिति | रकम |
|---|---|---|---|
| १ | असिग्राम मा बि खानेपानी योजना | २१३।२०७९।९।२८ | ७६८००००।०० |
| २ | गन्यपधुरा सडक सरसफाई वडा २ | ६१।२०७९।११।१७ | १४४०००००।०० |
| ३ | साहु खर्क डडिया खोला सडक निर्माण | १९।२०७९।८।१४ | १००८००००।०० |

४०.६ **जनश्रमदान**–सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको असूल गर्नु पर्ने देखिएको रू

| गो.भौ.नं. | उपभोक्तासमिति र काम | मुल्याङन रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिक कट्टीरकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १९।२०७९।८।१४ | साहुखर्क डडियासिल्लेखोला सडक निर्माण उ स | १११६८२० | १११६८२ | १०८८२० | २८६२।०० | गा पा |
| ३४।२०७९।९।१२ | गुयलखेत सडक निर्माण उ स | २११८९१४ | २११८९ | १९८९१४ | १२९७७।०० | |
| ५६।२०७९।१०।२७ | आल्काडाघोलाना सडक मर्मत तथा स्तर उन्नती उ स | ६३५७१४ | ६३५७० | ५९७०१ | ३८६९।०० | |
| ६१।२०७९।११।१७ | गन्यापभुरा गा पा २ ग्रामिण सडक निर्माण उ स | १५४४०४२ | १५४४०४ | १०४०४२ | ५०३६२।०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५।२०८०।१।६ | असिग्राम मणीग्राम बाबा मन्दिर निर्माण उ स | ७९४५३७ | ७९४५३ | ७४५३७ | ४९१६।०० | |
| ४।२०८०१।१९ | कालिका कृषक समुह | २३५०२० | २४३०१ | १५०२१ | ९२८०।०० | |
| | सरस्वती मा बि गन्यापधुरा ५ | ३५२०४३१ | १२६२७७८ | १०२०४३० | २४२३४८।०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२६,६१४ |

४१ **राजस्व आन्तरिक नियन्त्रण**

४१.१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४१,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु. ४९,१३,५२६.९७ अर्थात अनुमान भन्दा १९.८४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४१.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७५८७७७२०.०७ | ४९१३५२६.९७ | १.३०७२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५००००.०० | १८२३८०.०० | ३६४.७६ |
| घरजग्गा वहाल कर | ३०००००.०० | ६७६५०२.४४ | २२५.५० |
| व्यवसाय कर | ४५००००.०० | २४३०००.०० | ५४.०० |
| वहाल विरौटी शुल्क | २०००००.०० | ०.०० | ०.०० |
| जम्मा | **१००००००.००** | **११०१८८२.४४** | **११०.१९** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

४१.४ **राजस्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

## ४२ सोझै खरिद

४२.१ **कोटेशनको कार्य** - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०।४७ प्रतिशत देखि ५।४६ प्रतिशत सम्म मात्र घटेको देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १५ देखि ३० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| ८१।२०७९।१२।९ | साउनगाउँ मतकट्टे सडक निर्माण | ९९७८४६ | ९८८९७३ | ०।८८ |
| ४६।२०७९।१०।३ | सडक मर्मत तथा सरसफाई वडा न ३ | ९९९१६१ | ९४४५५५ | ५।४६ |
| ५७।२०७९।१०।२७ | पहिरो तथा सडक सरसफाई गणेश मा बि | ७२४०३७ | ७०४६८२ | २।६७ |
| ९९।२०८०।१।११ | वडा न२ सभाहल निर्माण | ९९९०९० | ९६८१९३ | ३।०९ |
| ८८।२०८०।३।२० | वडा न१ कार्यालय भवन निर्माण | ९६३६३६ | ९५९०२५ | ०।४७ |

४२.२ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेको देखिन्छ । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र बिभिन्न पार्टीसंग पटक पटक पुजिगत शिर्षकबाट खरिद गरेको रु. ७७०२७४६।१७नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर नं. | योजना तथा कार्यक्रमको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| ३२।२०७९।९।१२ | वडा सडक मर्मत | एस के कनस्टकशन | ८९५११२।०० |
| ४६।२०७९।१०।३ | सडक सरसफाई वडा न३ | नवदुर्गा निर्माण सेवा | ९४४५५५।०० |
| ८१।२०७९।१२।१० | साउनगाउँ मतकट्टे भिरकट्ट सडक | एन के कनस्टकशन | ९८८९७३।०० |
| ९९।२०८०।१।११ | वडा न२ सभाहल निर्माण | इन्दायणी बिल्ड्रस | ९८८९७३।०० |
| ६४।२०७९।११।१५ | टोटल स्टेशन स्थापना | उग्रतारा इन्फाटेक | ५०००००।०० |
| १९२।२०८०।३।२४ | सडक सरसफाई तथा मर्मत | आर बि निर्माण सेवा | ६९८३४०।०० |

४२.३ **लागत अनुमान -** सार्वजनिक खरिद ऐनको दफा ५को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०७९।८०मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ । यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंगत हो भन्न

सकिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको व्यवस्था पालना गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २४।२०७९।८।२७ | फनिचर्र तथा फिक्चर्स | सृजना फनिचर उघोग | ३२२२१९।०० |
| ६४।२०८०।३।१४ | फनिचर्र तथा फिक्चर्स | सृजना फनिचर उघोग | ३१९२२५।०० |
| ९३।२०८०।३।२१ | फनिचर्र तथा फिक्चर्स | तारापुञ्ज फनिचर उघोग | २०७३५५।०० |
| ४५८।२०८०।३।५ | कार्यालय समान खरिद | उग्रतारा ईन्फाटेक | ३०६९०८।०० |
| ३१४।२०७९।१२।७ | मोटरसाईकल मर्मत | आस्ता अटो सर्भिस सेन्टर | १६२५००।०० |

४३ **कार्य सम्पादन कार्यतालिका पेश नभएको** - सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को व्यवस्था बमोजिम कुनैपनि निर्माण व्यवसायीसँग भएको निर्माण कार्यको सम्झौता भएको मितिले १५ दिन भित्र कार्यतालिका पेश गर्नुपर्ने व्यवस्था छ । यो पालिकाले ठेक्का लगाएको कुनैपनि निर्माण व्यवसायीले कार्य सम्पादन कार्यतालिका पेश गरेको पाइएन । कार्यतालिका बमोजिम कामको परिमाण र बाँकी समय बीचमा तुलना गरी म्याद थप गर्नु पर्ने अनुगमन गरी कामको प्रगतिको बारेमा निर्देशन दिने जस्ता कार्य गर्न सहज हुने तथा कार्यतालिका सम्झौताको एक अंग भएकोले कार्यतालिका अनिवार्य गरी सोही बमोजिम कार्यान्वयन भए नभएको अनुगमन गरी व्यवस्थित गर्नु पर्दछ ।

४४ **लागत साझेदारी कार्यक्रम** - युएन डिपी को सिड्स नेपाल, गाउँपालिका र लक्षित समुदायको लागत साझेदारीमा भैसीपालन र बाख्रापालन कार्यक्रम सञचालन गरेको पाईयो ।यसरी अनुदान वितरण कार्यक्रममा लक्षित वर्गको पहिचान र छनौंटको स्पष्ट आधार देखिएन । दररेट तथा लागत अनुमान तयारीको आधार स्पष्ट छैन । वितरणको समयमा बाख्रा तथा भैसीको स्वास्थ्य परीक्षण सहितको प्रतिवेदन संलग्न राखेको पाइएन । लागत साझेदारी कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्नको लागि लक्षित वर्गको पहिचान तथा वितरण कार्यमा स्पष्ट आधार र मापदण्डको पालना गरी गुणस्तरियता कायम गर्नु पर्दछ ।

४५ **सेनेटरी प्याड खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को दफा ४ को उपदफा १ मा सपार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । सोही ऐनको दफा ५ मा सार्वजनिक खरिद निकायले कुनैपनि खरिदको लागत अनुमान तयार गर्नेपर्ने र सार्जवजनिक खरिद नियमावली २०६४ को नियम ११ ले मालसामानको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ ।त्यस्तै सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्याविधि,२०७६ को दफा ३ मा सेनेटरी प्याड खरिदको लागि छात्राहरुको संख्या यकिन गर्ने, दफा ४ र ५ मा भण्डारण तथा वितरणको माग संकलन गर्ने, दफा ६ को उपदफा ४ र ५ बमोजिम छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड वितरण गरेको अभिलेख तथा बुझिलिएको भर्पाई राख्नुपर्ने, दफा

१४ मा स्थानीय तहस्तरिय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति, दफा १६ मा विद्यालय स्तरिय सेनेटरी प्याड तथा व्यवस्थापन समिति रहने व्यवस्था छ । सो कार्यविधिको अनुसूची १ मा स्यानेटरी प्याडको न्युनतम मापदण्ड तोकिएको छ । पालिकाले EMIS प्रणालीबाट प्राप्त तथ्याङ्क अनुसार कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुको संख्याको विश्लेषण नगरी १०,५३६ थान सेनेटरी प्याड खरिद कार्य गरेको पाइयो । आवश्यकताको आधारमा गुणस्तरिय सेनेटरी प्याड खरिद गर्ने र समयमा वितरण गरी प्रचलित कानुनमा भएको व्यवस्थाको पूर्णरुपमा कार्यान्वयन हुनु पर्दछ ।

४६ **औषधि खरिद** - यस पालिकाले खरिद गरेको औषधिको उत्पादित र प्रयोग गर्न सकिने अवधि खुलेको उत्पादित संस्थाको नाम समेत खुल्ने गरी विवरण उल्लेख गरेको देखिएन । यसर्थ गुणस्तरिय औषधि खरिद भए नभएको बारेमा एकिन हुन सकिएन । पालिकाले कुनै पनि औषधिहरु खरिद गरे पश्चात उत्पादित मिति उपयोग गर्न सकिने समायवधि र उत्पादित संस्थाको नाम समेत खुल्ने तथा विश्व स्वास्थ्य संस्थाबाट मान्यता प्राप्त भए नभएको, स्पेशिफिकेसन बमोजिमको औषधिहरु प्राप्त भए नभएको बारेमा प्राविधिक प्रतिवेदन संलग्न राखि औषधिको गुणस्तर सम्बन्धी आश्वस्तता हुनु पर्दछ ।

४७ **अग्रिम बैक जमानत भन्दा बढी रकम पेश्की दिइएको** - सार्वजनिक खरिद कानुनमा भएको व्यवस्था बमोजिम तथा कार्यालय र निर्माण व्यवसायीको बीचमा भएको सम्झौताको GCC Clause 57 को व्यवस्था बमोजिम सम्झौताको मु. अ. कर बाहेकको रकमको बढिमा २० प्रतिशत सम्म अग्रिम बैक जमानत संलग्न राखी दुइ किस्तामा मोबिलाइजेशन पेश्कि दिन सकिने व्यवस्था छ । पालिकाले वडा नं. १ को प्रशासकिय भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री सेती निर्माण सेवालाई मोबिलाईजेसन पेश्की भुक्तानी गर्दा रु. १५,५०,०००.०० बराबरको अग्रिम बैक जमानत संलग्न राखी रु. १५,६२,४००.०० भुक्तानी दिएको दखियो ।लेखापीक्षणको समयसम्म सो मोबिलाईजेसन पेश्की फछ्र्यौट भएको छ । अग्रीम बैक जमानत भन्दा बढी पेश्की दिँदा गुणस्तरिय निर्माण कार्य समयमै हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

४८ **कृषि पकेट कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रममा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भए नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन नभएकोले अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि पकेट कार्यक्रमहरू:

| क्र.स. | गो भौ नं र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १०५-२०७९।१०।६ | आलु पकेट | निमुन्या कृषक समुह | १,०३,७५०। |
| २ | १०७-२०७९।१०।६ | आलु पकेट | निरपाल कृषक समुह | १,४२,०००। |
| ३ | १३३-२०७९।११।१७ | आलु पकेट | कैलपाल वहुउद्देश्यिय एग्रो कृषक समुह | ४,४७,५००। |
| ४ | १५३-२०७९।१२।१६ | तरकारी पकेट | भागेश्वर कृषि तथा पशुपालन | ५,१५,१३८। |
| **जम्मा** | | | | **१२,०८,३८८।** |

४९ **फरक खर्च शिर्षक -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ। पालिकाले व.ख. स्थानीय तहमा कार्यरत स्वास्थ्य/आयुर्वेद तर्फका स्थायी कर्मचारीहरूको तलव शिर्षकवाट मिति २०८०।३।१८ मा रू.१,८९,८४०। को २ वटा वासिङ मेसिन र रू.२९,९९६। को १ वटा फ्रिज गरि जम्मा रू.२,१९,८३५। को सामान खरिद गरेको छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले फरक शिर्षकवाट खर्च गरेको देखिएकोले उक्त भुक्तानी अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,१९,८३५ |

५० **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले कृषिमा दिइएको सशर्त सहितको अनुदान रकम रू.६१,३४,४९९। तथा पशुमा दिइएको अनुदान रकम रू.२०,६२,०५०।गरि जम्मा रू.८१,९६,५४९। अनुदानमा खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय भएको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

५१ **पुजितग खर्च उपभोक्ता**

५१.१ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन

। यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस वर्ष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक वर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्ष्णको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

५१.२ **उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ १३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस गाउँपालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन । अतः यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।साथै यसरी निर्माण ब्यावसायीले गरेको कार्यको भुक्तानी दिदा मु.अ.कर बिजक पेश गरेको तर मु.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई समेत दिएको देखिएन। अत निमार्ण ब्यावसायीले मु अ कर बुझाएको भए मु अ कर समायोजन प्रमाण पेश गर्ने पर्ने देखिएको र

| योजनाको नाम | गो. भौ.न र मिति | निर्माण ब्यावसायी नाम | निर्माण ब्यावसायीले गरेको काम | भुक्तानी रकम | म.अ. कर |
|---|---|---|---|---|---|
| आल्काडा घोलान सडक मर्मत उ स | ५६।२०७९।१०। | एस के कन्स्टकशन | सडक कटिङ्ग | ५७६००० | ७३१९०।०० |
| साहुखर्क डडियासिल्लेखोला सडक निर्माण उ.स. | १९।२०७९।८।१४ | बडैला कन्स्टकशन | सडक मर्मत | १००८००० | १४५१८६।०० |
| | | | | प्रमाण पेश नगरेको | २,१८,३७६ |

५१.३ **अन्य कार्यालयको खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले निमार्ण गरी भुक्तानी गरेको नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमाको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्म छन ।

| भौचर न | कामको बिवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १०२।२०८०।१।१३ | शिवशिखर बहुउदेयीय सहकारी संस्था | २०००० |
| ८९।२०७९।१२।१५ | डडेल्धुरा उधोग बाणीज्य संघ | १०००००।०० |
| १४५।२०८०।३।१ | नेपाल रेडक्रस सोसाईटी कैलपालमाण्डौ | ५००००।०० |
| १४४।२०८०।३।१ | नेपाल रेडक्रस सोसाईटी डडेल्धुरा | ४३३७५।०० |

५१.४ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | पदमार्ग निर्माण | लाटागन्याप शिखर पदमार्ग निर्माण उ. स. | ७६८०००।०० |
| २ | भवन निर्माण | वडान १ कार्यालय भवन निर्माण उ. स. | ६८७८३०।०० |
| ३ | प्रतिक्षालय निर्माण | भागेश्वर घेरावार तथा पर्खाल निर्माण उ. स. | ७२००००।०० |
| ४ | मन्दिर निर्माण | दुर्गा मन्दिर निर्मार्ण उ स ५ गन्यापधुरा | ७२००००।०० |
| ५ | गा पा भवन निर्माण | सोजर्ण भिभा जे भि | ४७१०१३६ |
| ६ | सडक मर्मत तथा निर्माण ३ | नवदुर्गा गन्यापधुरा निर्माण सेवा | ९४४५५५।०० |
| ७ | भवन निर्माण | भुवनेश्वरी मा बि भवन निर्माण समिति | ४५०००००।०० |
| ८ | सभाहल निर्माण वडा न२ | इन्दारयणी बिल्ड्स सप्लास | ९६८१९३।०० |

५२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ५२ योजना सञ्चालन गरी यस वर्ष १९५ जनालाई औसत ९६ दिन रोजगारी उपलव्ध गराई रु. १,०८,५६,८३२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा

अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५३ **वैकल्पिक उर्जा** - सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को दफा ४ को उपदफा १ मा सपार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले Smart Solar Private Limited सँग मु अ कर बाहेकको रु. ९,९८,५९५।०० मा २ वटा सोलार प्यानेल सिष्टम खरिद गरेकोमा निम्नानुसारको व्यहोरा देखियो ।

- स्पेशिफिकेशन तयार गरेको पाइएन,
- आपुर्तिकर्ता वैकल्पिक उर्जा प्रवर्दन केन्द्रमा सूचिकृत रहे नरहेको एकिन हुन सकिएन,
- जडान गरिएको सोलार सिष्टमको वारेन्टी कार्ड संलग्न छैन,
- भुक्तानीमा धरौंटी कट्टि गरेको पाइएन,
- पालिकामा उर्जा समिति छ तर सोलार खरिदमा समिमितिको सिफारिस देखिँदैन ।

यसर्थ, पालिकाले वैकल्पिक उर्जा खरिद गर्दा स्पेशिफिकेशन स्विकृती गर्नुपर्दछ । वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट सूचिकृत भएको आपुर्तिकर्ताबाट खरिद गर्नु पर्दछ भने सोको वारेन्टी कार्ड पनि अनिवार्य संलग्न राख्नु पर्दछ । उर्जा समिति गठन भएको सन्दर्भमा सोको सिफारिस र संलग्नतामा खरिद व्यवस्थापन गरी सार्वजनिक जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्नुपर्दछ ।

५४ **न्युन वैक जमानत** - सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ व्यवस्थानानुसार कार्यालयले ठेक्का व्यवस्थापन गर्दा ठेक्का रकमको तोकिए बमोजिमको कार्यसम्पादन जमानत पेश गर्नु पर्दछ । पालिकाले निम्नानुसारको निर्माण कार्यको लागि न्युन वैक जमानत संलग्न राखि ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।

| ठे. नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम | राख्नु पर्ने वैक जमानत | पेश भएको वैक जमानत | न्यून रहेको वैक जमानत |
|---|---|---|---|---|---|
| | प्रशासकिय भवन निर्माण | सोवर्ण भिभा जे. भी. | | | १३३८४१३।२३ |
| | जनता मा.वि. ४ कोठे भवन निर्माण कार्य | विवेक निर्माण सेवा गन्यापधुरा ३ | १५५९८६४।०१ | १४०७४३७।०० | १५२४२७।०१ |
| GDRM/NCB/WORKS/04-079/80 | औद्योगिक ग्राम निर्माण कार्य | विवेक निर्माण सेवा गन्यापधुरा ३ | १८३९६३६।५१ | १६४२६२८।०० | १९७००८।५१ |
| | वडा नं १ को प्रशासकिय भवन निर्माण | सेती निर्माण सेवा | १९७२०६३।८३ | १७७२१००।०० | १९९९६३।८३ |

५५ **मु. अ. कर बिजकको भुक्तानी** - मु. अ. कर बिजक वेगरको भुक्तानीः श्री सेती निर्माण सेवासँग भएको सम्झौता अनुसार वडा नं १ को प्रशासकिय भवन निर्माण कार्यको लागि PS Item रु. ४०,०००.०० को भुक्तानी दिँदा सो रकम लाई मुल्य अभिवृद्धि कर बिजक संलग्न राख्नुपर्नेमा राखेक पाइएन । यसर्थ कर समायोजन पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

५६ **मु. अ. कर बिजकको भुक्तानी** - ठे. नं. GDRM/NCB/WORKS/04-079/80 बमोजिम श्री विवेक निर्माण सेवा गन्यापधुरा ३ सँग भएको सम्झौता अनुसार औंद्योगिक ग्राम निर्माण कार्यको लागि PS Item रु. ३३,०००.०० को भुक्तानी दिँदा सो रकम लाई मुल्य अभिवृद्धि कर बिजक संलग्न राख्नुपर्नेमा राखेको पाइएन । यसर्थ, कर समायोजन पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,००० |

५७ **मु. अ. कर बिजकको भुक्तानी** - संघीय विशेष अनुदान अन्तर्गत जनता मा.वि. ४ कोठे भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री विवेक निर्माण सेवा गन्यापधुरा ३ सँग भएको सम्झौता बमोजिमको PS Item रु. १०,०००.०० को भुक्तानी दिँदा सो रकम लाई मुल्य अभिवृद्धि कर बिजक संलग्न राख्नुपर्नेमा राखेको पाइएन ।यसर्थ, कर समायोजन पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००० |

५८ **फस्यौंट गर्न बाँकी आ.ले.प. बेरूजु**

५८.१ **आन्तरिक नियन्त्रण प्रणाली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा संङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र अर्न्तगतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभाकारीता र जोखिमरहित ढँङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिबेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिमको कार्यसम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागू गर्नु पर्ने व्यबस्था छ । कार्यालय उक्त व्यबस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगर्दा कार्यालयबाट सम्पादन गरिएका कार्य र प्रदान गरिएका सेवा प्रबाह छिटो छरितो, प्रभाबकारी र बिश्वसनिय छन भन्ने अबस्था रहेन । ऐन तथा नियमको व्यबस्था कार्यान्वयन गर्दै सम्पादन गरिएका कार्य र प्रदान गरिएका सेवा प्रवाहमा मितव्ययिता, कार्यदक्षता, प्रभाकारीता र जोखिमरहित बनाउनु पर्दछ ।

५८.२ **वित्तिय प्रतिवेदन-** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा ५६ र नियमावली २०७७ नियम ७३ बमोजिम प्रचलित कानून बमोजिम तयार गरिएका वित्तिय प्रतिवेदन तयार गर्न तोकियको अवधि समाप्त भएको

सात दिन भित्र तालुका कार्यालयमा पठाउने एंवम विद्युतिय वा अन्य उपयुक्त माध्यामबाट सार्वजनिक गर्नु पर्ने कानूनी व्यवस्था रहेको । वित्तिय प्रतिवेदन तयार गर्न तोकियको समय अवधि समाप्त भएको मितिले ७ दिन भित्र बिद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्ने कानूनी व्यवस्था रहेकोमा सार्वजनिक गरेको देखिएन। यसमा पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

५८.३ **फारमको प्रयोग**– ब.उ.शि.नं. ३४७०२१०७४- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ र नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात सलंग्न हुनुपर्ने व्यबस्था गरेको छ । यसै व्यहोरालाई व्वबस्थित गर्न प्राविधिक तथा अन्य शाखावाट भुक्तानीका लागि सिफारिस गर्न महालेखा नियन्त्रक कार्यालयले म. ले. प. फा. न. २०२ ढाँचाको फारामको व्यबस्था गरेको छ । यस कार्यालयले उक्त व्यबस्था अनुसार म. ले. प. फा. न. २०२ ले निर्धारण गरेका व्यहोरा नखुलाई सिफारिस गरेको अबस्थामा पनि भुक्तानी गर्ने गरेको देखियो । तोकिए अनुसारको फाराम प्रयोगमा ल्याउनु पर्दछ ।

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थानः गन्यापधुरा गाउँपालिका, डडेलधुरा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिलिप कुमार तामाङ | २०७६-६-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुजा कूमारी भट्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३५३,३२४ | १,२७८,५२५ | ३०१,३७६ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १,९३३,२२५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १,९३३,२२५ |

स्थानीय तह : गन्यायापधुरा गाउँपालिका, डडेल्धुरा

| **गत वर्षको जिम्मेवारी** | | ३६५३८१५३.५९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८९७९८११०.३६ | **चालु खर्च** | २५६७१३२६४.२२ |
| **प्रदेश सरकारबाट अनुदान** | ८०९५०००.० | **पूँजीगत खर्च** | ९५८५८०८०.२१ |
| **राजश्व बाँडफाँट** | ६४४४४६६७ | **वित्तीय/अन्य व्यवस्था** | १३०८०२४५१.८३ |
| **आन्तरिक आय** | ४९१३५२६.३३ | | |
| **अन्य आय** | १२७७०१६३९.४६ | | |
| **कुल आय** | ४९४९५२९४३.१५ | **कुल खर्च** | ४८३३७३७९६.२६ |
| **बाँकी मौज्दात** | | ४८११७३००.४८ | |